## युनाईटेड बिकास बैंक लिमिटेड, जीतपुर, बारालाई समस्याग्रस्त घोषणा गरिएको बारे

## नेपाल राष्ट्र बैंकको सूचना

युनाईटेड बिकास बैंक लिमिटेड, जीतपुर, बाराको २०६७ आषाढ मसान्तको वित्तीय विवरणको आधारमा यस बैंकबाट गरिएको स्थलगत निरीक्षणबाट संस्थाको पूँजीकोष रु.११ करोड ७९ लाख ९२ हजार अर्थात १०३.९० प्रतिशतले ऋणात्मक रहेको र त्यसबाट पूँजीकोषसंग सम्बद्ध यस बैंकका अन्य निर्देशनहरुको पालना हुन नसक्ने अवस्था रहेको, खराब कर्जाको अनुपात अत्यन्तै वढी अर्थात कुल कर्जाको ८७.८१ प्रतिशत देखिएको, संस्थाको अधिकांश कर्जा जोखिमपूर्ण रहेको, आन्तरिक नियन्त्रण प्रणाली एवम् संस्थागत सुशासनको अवस्था अत्यन्त कमजोर रहेको, यस बैंकबाट विगतमा दिएका निर्देशनहरु कार्यान्वयन गर्ने तर्फ गम्भिरता नदेखिएको एवम् कतिपय निर्देशनको उल्लंघन गरेको, गम्भिर तरलता संकटबाट गुज्रिरहेको, संचित नोक्सानी अधिक रही सो वढ्ने क्रममा रहेकोले वित्तीय स्थिति ह्रासोन्मुख रहेको, वित्तीय विवरणले संस्थाको यथार्थ वित्तीय स्थितिको चित्रण गर्न नसकेको, निक्षेपकर्ताको निक्षेप फिर्ता भुक्तानी गर्न नसकेको एवम् यस बैंकको निर्देशन अनुरुप हिसाव नराखेको लगायतका गम्भिर कैफियतहरु देखिएको सन्दर्भमा सफाइको मौका दिई स्पष्टिकरण माग गर्दा प्राप्त हुन आएको प्रत्यूत्तरबाट उपर्युक्त अवस्थामा सुधार हुन सक्ने ठोस एवम् भरपर्दो आधार नदेखिएको र स्पष्टिकरण सन्तोषजनक समेत नभएकोले संस्थालाई यथास्थितिमा संचालन हुन दिंदा सर्वसाधारण निक्षेपकर्ताको निक्षेप एवम् लगानीकर्ताको पूँजी थप जोखिमयुक्त हुने देखिएकोले संस्थालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख एवम् नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को उपखण्ड (आ) बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ग बमोजिम ६ महिनाभित्र पालना गर्न देहायका निर्देशनहरु दिईएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>निर्देशनहरु</u> :**

१. निक्षेप संकलन नगर्न तथा थप निक्षेप खाता नखोल्न ।
२. थप कर्जा तथा जमानत प्रदान नगर्न ।
३. नयाँ शाखा नखोल्न ।
४. स्थिर सम्पत्ति खरिद नगर्न ।
५. संचालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलबभत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।
६. नेपाल राष्ट्र बैंकको स्वीकृति बिना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।
७. “कल्स इन एडभान्स” वापत जम्मा गरेको रकम झिकिएकोमा सो रकम सम्बन्धित पदाधिकारीबाट व्याजसहित असुलउपर गर्न ।
८. पूर्व संचालक सम्वद्ध कर्जाहरु यस बैंकको निर्देशन विपरित अपलेखन गरेको देखाइएकोमा सो कर्जाहरु असुलउपर गर्न ।
९. निष्क्रृय कर्जाको अनुपात बढीमा ५ प्रतिशतमा ल्याउन ।
१० नियम तथा निर्देशन विपरित वृद्धि गरी भुक्तानी गरिएको कार्यकारी अध्यक्षको वृद्धि गरिएको पारिश्रमिक तथा सुविधा व्याज सहित असुलउपर गर्न ।
११. संस्थालाई सुचारु रुपले संचालन गर्न आवश्यक पर्ने न्यूनतम पूँजीकोष कायम हुने गरी पूँजी योजना तयार गर्न र सो योजना अनुसार संस्थालाई पुनरपूँजीकृत (Recapitalize) गर्न ।